प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

कोशी प्रदेश, विराटनगर, नेपाल

प.स २०८३/८४

च.नं

कोशी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

## विज्ञप्ति

**पानीबोट दुर्घटना छानविन तथा अध्ययन समिति गठन सम्बन्धमा।**

---

संवत् २०८३ साल कार्तिक ८ गते आइतबार भोजपुरको कोप्चेबाट सुनसरीको चतराका लागि छुटेको यात्रुवाहक पानीबोट सप्तकोशी नदीको त्रिवेणी नजिकै दुर्घटनाग्रस्त भएको दुःखद घटनाप्रति कोशी प्रदेश सरकारको गम्भीर ध्यानाकर्षण भएको छ। उक्त घटनामा ३ जनाको मृत्यू भएको, बेपत्ता व्यक्तीहरुको खोजि कार्य जारी रहेको, घाइते यात्रुहरुको उद्धार तथा उपचारको कार्य जारी रहेको छ ।

कोशी प्रदेश सरकार दुर्घटनामा परी ज्यान गुमाउनु भएका यात्रुहरू प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारजनमा गहिरो समवेदना प्रकट गर्दछ। घाइते हुनुभएका यात्रुहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दै हालसम्म बेपत्ता रहेका यात्रुहरूको खोजी कार्यलाई तीव्रता दिन सम्बन्धित निकायलाइ अनुरोध गरिएको छ।

उक्त घटनाको सत्य-तथ्य छानविन गर्न तथा भविष्यमा घट्न सक्ने यस्ता घटनाहरु न्यूनिकरण गर्दै नागरिकको सुरक्षा एवं जनहितका कार्य सम्पादन गर्न उपयुक्त सुझावहरू पेस गर्ने गरी कोशी प्रदेश मन्त्रिपरिषद्को बैठकले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रदेश सचिव श्री अस्मान तामाङको संयोजकत्वमा एक **छानविन तथा अध्ययन समिति** गठन गरेको छ। उक्त समितिमा उपसचिव (कानून),आन्तरिक मामिला तथा कानून मन्त्रालय, मेकानिकल इन्जिनियर, आन्तिरिक मामिला तथा कानून मन्त्रालय, रा.प.द्बितीय वा सो सरहको प्रतिनिधि (श्री पूर्वि पृतना हेडक्वाटर इटहरी,, शसस्त्र प्रहरीबल नेपाल, प्रमुख कार्यालय वराह वाहिनी सुनसरी,, प्रदेश प्रहरी कार्यालय, कोशी प्रदेश, राष्ट्रिय अनुसन्धान विभाग, कोशी प्रदेश कार्यालय), सहायक प्रमुख जिल्ला अधिकारी (धनकुटा, सुनसरी, भोजपुर, उदयपुर) सदस्य रहने तथा उपसचिव, शासकीय सुधार महाशाखा, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सदस्य-सचिव रहने गरी व्यवस्था गरिएको छ ।

समितिलाइ पानीवोट दुर्घटना हुनुको कारण, वस्तुस्थिति सम्बन्धमा आवश्यक जाँचवुझ तथा छानविन गर्ने, सो सम्बन्धी विवरण लिने, पानीवोट सञ्चालन सम्बन्धी प्रचलित कानूनी व्यवस्था, अभ्यास, प्रचलन एवं यस सम्बन्धी भए गरेका नीतिगत व्यवस्था अध्ययन गर्ने, प्रस्तुत विषयमा समितिले आवश्यक देखेका अन्य विषयहरुको अध्ययन गर्ने तथा आवश्यक सुझाव सहितको प्रतिवेदन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेस गर्ने गरी कार्यदिश दिइएको छ। समितिले दिने प्रतिवेदनका आधारमा जल यातायातलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन प्रदेश सरकार प्रतिबद्ध रहेको छ।

वि.स. २०८३ कार्तिक १०

**प्रवक्ता**

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय